# रोचक घटना नं ४३

# १ राजाहरु ११-१४

**शिक्षक साहायता**

**कथाको मूख्य सारः सोलोमनको पापले राष्ट्रलाई विभाजन तर्फ डोऱ्यायो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- (व्यवस्था १७:१६), परमेश्वरद्वारा राजालाई घोडाहरूको संख्या बढाउन निषेध गर्नु भएसँगै राजालाई धेरै पत्नीहरूसित विवाह गर्न पनि निषेध गरिएको थियो *"नत्र त्यसले उसको हृदयलाई विनाश तर्फ डोऱ्याउने थियो"* (व्यवस्था १७:१७) । सोलोमनलाई पनि यस्तै भएको थियो । सोलोमनले परमेश्वरलाई त्यागेनन् तर उनले अन्य देवताहरू पुज्न थाले । उनको हृदय पूर्ण रूपमा परमप्रभुमा समर्पित थिएन; उनले आफ्नो मोह र लगावसँग सम्झौता गरे ।

- यरोबाम निर्माण परियोजनाहरूका लागि एक दक्ष पर्यवेक्षक थिए । अहियाह नाम गरेका एक अगमवक्ता यरोबामको साम्नु परमेश्वरको वचन प्रकाश पार्न आए । यरोबामले इस्राएल राज्य विभाजन गर्नेछन् भनि अहियाहलाई बताएका थिए । उत्तरमा दश कुलहरू हुनेछन् जुन उत्तरी राज्य हुनेछ र दक्षिणी राज्यमा बेन्यामिन र यहुदाको कुलहरू समावेश हुनेछन् ।

- अहियाहले एउटा कपडा लिए र त्यसलाई बाह्र टुक्रामा विभाजन गरे । उनले ती दश कुलहरूमाथि शासन गर्नेछन् भन्ने दर्शाउनलाई उनले दश वटा टुक्राहरू यरोबामलाई दिए । सोलोमनका छोरा रहोबामले अरू दुई कुलमाथि शासन गर्न लागेका थिए । अहियाहले यरोबामलाई भरोसा दिलाए कि यदि उनी परमप्रभुप्रति वफादार भए भने, उनको शासन धेरै पुस्तासम्म सुरक्षित रहनेछ । राजा यरोबामले चाँडै नै आफु परमेश्वरप्रति वफादार हुनुभन्दा राजनैतिक शक्तिबारे चिन्तित भएको कुरा प्रकट गरे । परमप्रभुप्रति उनको विश्वासहिन दृष्टिकोणले परिणाम स्वरूप उत्तरी राज्यका प्रत्येक राजाले उनको उदाहरणलाई पछ्याए वा अझ त्यो भन्दा बढि खराब गरे । अधिकांश मानिसहरूले ती राजाहरूका नेतृत्वलाई नै पछ्याईरहेका थिए ।

- दक्षिणी राज्यमा रहोबामले तीन वर्ष सम्म परमप्रभुको आराधना गरे र त्यसपछि उनले दक्षिणी राज्यलाई पनि मूर्तिपूजा तर्फ लगेर गएका थिए । रहोबामको नेतृत्वमा उनीहरूले आराधनाको लागि उच्च उच्च स्थानहरू बनाए, कहिले काहिँ परमप्रभुको निम्ति र कहिले काहिँ अन्य देवहरूको लागि । रहोबामको शासन केवल ७ वर्ष सम्म मात्र चल्यो ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

पाठको समीक्षा गर्नको लागि खेल खेल्नलाई बोर्डमा एउटा तालिका बनाउनुहोस् जुन यस्तो प्रकारको देखियोस्:

| समय रेखा | कथाको मुख्य सार | भजनहरू | कण्ठ गर्नुपर्ने पदहरू |
|---|---|---|---|
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |

अहिले सम्म अध्ययन गरिसकेका १० वटा पाठहरूको समीक्षा गर्नुहोस् र बालबालिकाहरूलाई प्रत्येक समय रेखाको लागि १०० अंक, कथाको मुख्य सारको लागि २०० अंक, भजनको लागि ३०० अंक, र कण्ठ गर्नुपर्ने पदहरूको लागि ४०० अंक दिनुहोस् ।

जित्ने समूहको लागि पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुन्छ । प्रायः प्रतियोगिताहरू बालबालिकाहरूको लागि रमाइलो खेल समान हुन्छन् । यसैले, उनीहरू सबैलाई सहभागी गराउनुहोस् । तपाईंको कक्षाको संख्याको आधारमा तपाईंले प्रत्येक विद्यार्थीलाई १ वा २ प्रश्नको मात्र उत्तर दिन लगाउन सक्नुहुन्छ । यसो गर्नुको कारण के हो भने यदि तपाईंले मौका दिनुभएको खण्डमा कोहि विद्यार्थीले सबै प्रश्नका उत्तरहरू आफुले मात्र दिन सक्छन् ।

यस जम्मा अंक १०००० हुनेछ, प्रत्येक पाठको लागि १००० अंक ।

## ३) पाठ सिकाउनुहोस्

जुन चिज तपाईंले सोच्नु भएको थियो कि त्यो तपाईंको हो, तपाईंबाट त्यस चिज लगिएको थियो भने, पुनः त्यहि कुरा पाउँदा कहिल्यै पनि रमाइलो लाग्दैन । तपाईंबाट केहि कुरा लगिनु भनेको तपाईंले केहि गुमाउनु भएको हो भन्ने होइन, यसको मतलब अरू कोहिले तपाईंसँग हुनुपर्ने कुरा प्राप्त गरे भन्ने हुन्छ; कमसेकम, त्यो तपाईंले सोचेको कुरा हो ।

आजको पाठले केहि लिइएको विषयमा कुरा गर्दछ । कुनै एक वा दुई चिज के थिए जुन तपाईंबाट लिइयो र त्यो लगिएकोमा तपाईंलाई खुशी लागेको थिएन ? के तपाईंले बुझ्नु भयो कि त्यो किन लिइएको थियो ? त्यसमा तपाईंले कस्तो प्रतिक्रिया देखाउनुभयो ?

**पाठ शुरू गर्ने क्रियाकलापः बाइबलीय जोखिम**

कक्षालाई बराबर गरि दुई समूहमा विभाजन गर्नुहोस् । समूहहरू यस प्रकारले छान्न सक्नुहुन्छः

- जसको धेरै भाई बहिनीहरू छन् ।
- जसको थोरै भाई बहिनीहरू छन् ।

यो खेल पाठको अन्तसम्मको समीक्षामा निरन्तर जारी रहनेछ ।

## कथा भन्नुहोस्

सोलोमनको जीवन खराब तरीकाले समाप्त भयो र जीवनप्रति उनको निष्कर्ष सूर्यमूनि भएका सबै कुरा व्यर्थ छन् भन्ने थियो । तिनी परमेश्वरबाट टाढा भएका कारण, परमप्रभुले सजाय पठाउनुभयो जसको परिणामस्वरूप राष्ट्र दुई राज्यहरूमा विभाजन हुन गयो ।

यरोबाम एक विधवाका छोरा थिए र एक प्रतिभाशाली निर्माण पर्यवेक्षक थिए। अहियाह, अगमवक्ताले, परमप्रभुको वचन एक दृश्यात्मक रूपमा यरोबामकहाँ ल्याए, जुन विर्सन गाह्रो थियो । कसैले सोच्नेछन् कि यस दृश्यात्मक सहायताले यरोबामलाई जीवनभर प्रभाव पार्नेछ। अहियाहले यरोबामलाई एउटा किनेको नयाँ कपडा अथवा कपडाको टुक्रा देखाए । तब उनले त्यसलाई बाह्रवटा टुक्रामा च्याते र दशवटा चाहिँ यरोबामका हुनेछन् भनि बताए। सन्दर्भ स्पष्ट थियो: प्रत्येक कपडाको टुक्राले इस्राएलका बाह्र कुलहरूलाई प्रतिनिधित्व गरेको थियो । परमप्रभुप्रति उनीहरूको अविश्वास र अन्य देवताहरूको अनुसरणको कारणले राज्य विभाजन हुन लागेको थियो । दश कुलहरू यरोबामको साथमा रहनेछन् । अहियाहद्वारा यरोबामलाई एक स्पष्ट कार्य दिइएको थियो । परमप्रभुद्वारा दिइएका अहियाहका निर्देशनहरू एकदम स्पष्ट थिए। यरोबामले उत्तरी राज्य इस्राएललाई परमप्रभुको आराधनामा नेतृत्व गर्नुपर्ने थियो । यदि उनले त्यसो गरेका थिए भने, यरोबाम उनको पुर्खा दाऊद जस्ता हुने थिए। यरोबामले गर्नुपर्ने भनेको केवल परमप्रभुको आज्ञापालन थियो । जब सोलोमनले यस भेटको बारेमा सुने, उनले यरोबामलाई मार्ने धम्की दिए। त्यसैले, यरोबाम मिश्रमा भागे र सोलोमनको मृत्युसम्म त्यहिँ रहे। अहियाहले नयाँ किनिएको कपडालाई बाह्र टुक्राहरूमा च्यातेको कुराको बारेमा सोच्नको लागि यरोबामसँग प्रशस्त समय थियो । उनलाई दश टुक्राहरूको महत्व थाहा थियो र उनलाई दुई टुक्राहरूको महत्व पनि थाहा थियो । परमप्रभुको आज्ञापालन गर्नुमा ठूलो इनाम थियो तर परमप्रभु तर्फ पिठ्यूँ फर्काउनुको परिणाम भयानक थियो ।

सोलोमनको मृत्यु पश्चात्, रहोबामले पदको जिम्मेवारी लिए र उनले सोचे कि सम्पूर्ण देशको नेतृत्व उनैले गर्नेछन्। उनको पहिलो निर्णय कर उठाउने र जबर जस्ती श्रम गराउने थियो जुन उनको बुवा सोलोमनले आफ्नो जीवनको अन्तमा गरेको भन्दा झन खराब थियो। यसैबीच, यरोबाम मिश्रबाट फर्किए र उत्तरी दश कुलले उनलाई तिनीहरूका शासकको रूपमा मतदान गरे। उनीहरूले बढि कर र थप श्रम चाहँदैन थिए। यहूदाका राजा रहोबाम इस्राएलका राजा यरोबामको विरूद्ध युद्ध गर्न चाहान्थे । उनले परमेश्वरको स्पष्ट शब्दलाई स्वीकार्नु पर्ने थियो जसले उनलाई यसो नगर्न चेतावनी दिएको थियो ।

इस्राएलका राजा यरोबामले राम्रो शुरूवात गरेका थिए तर उनले पूजा गर्नको लागि मूर्तिहरूको निर्माण गरे । उनले परमप्रभुद्वारा मोशालाई दिइएको पहिलो र दोस्रो आज्ञाको उल्लंघन गरे । यहूदाका राजा रहोबामले पनि राम्रो शुरूवात गरे, तर आराधनाको लागि यस्तो स्थान बनाए जुन कहिले काहिँ परमप्रभुको निम्ति र कहिले काहिँ भने अन्य देवहरूको निम्ति प्रयोग गरिन्थ्यो । उनले परमप्रभुद्वारा मोशालाई दिइएको पहिलो आज्ञाको उल्लंघन गरे ।

**कथा भन्ने क्रियाकलाप: राम्रो शुरूवात र खराब अन्त**

राम्रोसँग शुरू गरेका र खराब अन्त गरेका अझ दुई बाइबलका मानिसहरू थप्नुहोस् । यरोबाम र रहोबामले किन यस्तो गरे ?

अन्य:

- कयिन (ईर्ष्या)
- लोत (धन)
- शैतान (घमण्ड)
- उजाडस्थानमा इस्राएलीहरू (गनगन)
- रहोबाम (मूर्तिपूजा)
- यरोबाम (अन्य देवहरू)

## कण्ठ गर्नुपर्ने पद

**१ राजाहरू ११:३८ (टि.बी.एस)** - अनि यस्तो हुनेछ - तिमीले मेरो दास दाउदले झैं मेरा नियमहरू र मेरा आज्ञाहरू पालन गर्नलाई मैले तिमीलाई आज्ञा गरेका सबै कुराहरू मान्यौ, मेरा मार्गहरूमा हिँड्यौ र मेरो दृष्टिमा जे ठिक छ, त्यहि गऱ्यौ भने म तिम्रो साथमा हुनेछु, र दाउदका निम्ति बनाए झैं तिम्रा निम्ति पनि एउटा अटल घर बनाउनेछु, र इस्राएल तिमीलाई दिनेछु ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

"अनुमान गर्नुहोस् म को हुँ" -बालबालिकाहरूलाई आफैले रोजेर "कथा भन्नुहोस्" भन्ने पृष्ठको सूचीबाट राम्रो शुरूवात गर्ने र खराब अन्त गर्ने बाइबलका एक व्यक्तिको "अभिनय" गर्न लगाउनुहोस् । तिनीहरूले नबोलीकन उक्त व्यक्तिको जीवनलाई चित्रण गर्नुपर्दछ । कक्षाका अरू बालबालिकाहरूले त्यो पात्र को हो भनि अनुमान गर्नुपर्ने हुन्छ ।

उदाहरणको लागि, कयिन हात पसार्दै हिँड्न सक्छन्, भेटि चढाए जस्तो गरी । तब उसको भेटि स्वीकार नभए पछि तिनी रिसाएको देखिन सक्छन् । उसले हाबिललाई हिर्काउने नक्कल पनि गर्न सक्छ (हाबिल अदृश्य हुन सक्छ, वा दुई बालबालिकाहरूले सँगै अभिनय गर्न सक्छन्) । तपाईँसँग उपलब्ध समयको आधारमा, तपाईँले सबै ६ वटा उदाहरणहरू प्रयोग गर्न सक्नुहुनेछ । जसले पहिला सहि उत्तर दिन्छ उसलाई उपहार दिन सक्नुहुन्छ, यसो गर्दा पनि रमाइलो हुन सक्छ । यदि पुरस्कार दिनुहुन्छ भने, उत्तर अनुमान गर्नको लागि सुव्यवस्थित प्रणालीको निश्चितता गर्नुहोस् । यदि तपाईँको कक्षा साना बालबालिकाहरूको हो भने, शिक्षकले अभिनय गर्न सक्नुहुन्छ, र बालबालिकाहरूलाई अनुमान गर्न लगाउन सक्नुहुन्छ ।

**शिक्षक साहयता**

**कण्ठ गर्ने पद**
**क्रियाकलापः टेलिफोनको खेल**

टेलिफोन खेलको प्रयोग गरेर यो पद कण्ठ गर्नुहोस् । तपाईँको कक्षालाई सिधा लाईनमा उभिन लगाउनुहोस् । अनि लाइनमा उभिएको पहिलो व्यक्तिलाई त्यो पदको पहिलो वाक्यांश सुस्तरी कानमा भन्नुहोस्, त्यो वाक्यांश अर्को व्यक्तिलाई त्यसरी नै कानमा भन्न लगाउनुहोस् । सबैले त्यो पहिलो वाक्यांश भनि नसकुन्जेल त्यसो गरि नै रहनुहोस् । यसरी नै दोस्रो वाक्यांश, तेस्रो वाक्यांश गर्दै तिनीहरूले उक्त पद कण्ठ नगरून्जेल सम्म यो क्रियाकलाप दोहोऱ्याई राख्नुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

तपाईंले पाठको शुरूवातमा शुरू गर्नुभएको खेललाई समीक्षा खेलको अंकको लागि निरन्तरता दिनुहोस् ।

- १०० अंकको लागि, इस्राएलमा कति वटा कुलहरू थिए ? (१२)
- २०० अंकको लागि, उत्तरी राज्यलाई कसले नेतृत्व गरे ? (यरोबाम)
- ३०० अंकको लागि, दक्षिणी राज्यलाई कसले नेतृत्व गरे ? (रहोबाम)
- ४०० अंकको लागि, अगमवक्ता अहियाहले यरोबामलाई के गर्ने आज्ञा दिए ? (परमप्रभुको आज्ञापालन)
- ५०० अंकको बोनस प्रश्न: यस पाठको मूख्य विषय के थियो ? (सोलोमनको पापले राष्ट्रलाई विभाजन तर्फ डोऱ्यायो । )

## ५) पाठ लागु गर्नुहोस्

बाइबल त्यस्ता व्यक्तिहरूले भरिएको छ जसलाई स्पष्ट रूपमा केहि गर्ने आज्ञा दिइएको थियो तर तिनीहरूले यो गरेनन् । स्वार्थ, जिद्दीपना र घमण्डले गर्दा प्राय: तिनीहरूले परमेश्वरलाई त्यागे ।

आज, यदि तपाईँलाई परमेश्वरको अनुसरण गर्ने चेतावनी दिइएको थियो र त्यहाँ ठूलो इनाम थियो भने, के तपाईँ आफ्नो सम्पूर्ण हृदयले उहाँलाई पछ्याउनु हुनेछ ?

आज, यदि तपाईँलाई झुटो ईश्वरहरूको पछि नलाग्न चेतावनी दिइएको कारण यसले दु:खद नतिजाहरू भोग्नुपर्छ भने, के तपाईँ ती झुटा ईश्वरहरूलाई त्याग्नु हुनेछ ?

**कथाको मूख्य सार: सोलोमनको पापले राष्ट्रलाई विभाजन तर्फ डोऱ्यायो ।**

**शिक्षक साहयता**

**पाठको समीक्षा गर्ने क्रियाकलाप: बाइबल जोखिम**

यस समीक्षा क्रियाकलाप पाठको शुरूमा भएको समीक्षा खेलको निरन्तरता हो ।

# रोचक घटना नं ४४

# १ राजाहरु १६-१८



**कथाको मूख्य सारः एलिया र एलीशा अन्धकारको समयमा उज्यालो ज्योतिहरु थिए ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- एलिया र एलीशाको सेवाकाई एकदम विशेष सेवाकाई थियो । तिनीहरूको काम प्रभावशाली थियो किनकि तिनीहरूले बालदेवताको पूजाको विरोध गरेका थिए ।
- एलिया र एलीशाले निम्न आश्चर्यजनक कामहरू गरेः वर्षा रोक्ने र खडेरी पैदा गर्ने, खडेरीको अन्त गर्न प्रार्थनाद्वारा वर्षा ल्याउने, खुला आकाशबाट बारम्बार चट्याङ्ग झार्ने, मृतकलाई बिउँताउने, धेरै वर्षको लागि थोरै खानेकुराको आपूर्तिलाई पुनःपूर्ति गर्दै, एउटा भाँडाबाट गुणात्मक तेल निकाल्ने, खानेकुरालाई गुणात्मक रूपमा बृद्धि गर्ने, नदीको बहाव रोक्ने र तुरुन्तै नदीलाई सुख्खा बनाउने, मृत्यु बिना नै परमेश्वरको साथमा पृथ्वीबाट उठाइने, खाना र पानीबाट विष हटाउने, निको हुन नसक्ने छालाको रोग निको पार्ने, आफुहरूले कब्जा नगरून्जेल शत्रुका सेनाहरूलाई अन्धो तुल्याउने, डुबेको फलामको बन्चरोको टाउकोलाई पानीमाथि तैराउने, र टाढा भएका राजाको गोप्य योजनाहरूको पर्दाफाश गर्ने ।
- बाल वर्षा र शीतका देवता थिए, आँधीका देव जसले मौसमलाई नियन्त्रण गर्दछन् । एलियाले आहाबलाई प्रतिस्पर्धा गर्ने चुनौती दिएका थिए । यसले ६०० वर्ष अघि परमप्रभुले पराजित गर्नुभएका मिश्रका देवताहरूको याद गराउँदछ, जब मोशाले फारोको सामना गरेका थिए । निस्सन्देह, बाल शक्तिहीन थियो र परमप्रभुले उहाँ को हुनुहुन्छ भनि देखाउनुभयो ।
- परमप्रभुले एलियालाई एलीशा नाम गरेको जवान केटोलाई एलियाको ठाउँ लिनको लागि सिकाउनु भनि निर्देशन दिनुभयो । एलीशा एलियाको सेवाकाई अघि बढाउन चाहान्थे त्यसैले उनले एलियाको आत्माको दोब्बर भाग मागे । चाखलाग्दो कुरा के छ भने, यो कुरा उल्लेख गरिएको छ कि एलीशाले एलियाले गरे भन्दा दुईगुणा धेरै चमत्कारहरू गरे ।
- लगभग ८५० ई.पू. बाट र ५० वर्ष भन्दा बढि, एलीशाले परमप्रभुको र इस्राएलको सेवा गरे । यद्यपि तिनीहरूले परमप्रभुप्रति विद्रोह गरि नै रहे ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारलेः मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

पाठको समीक्षा गर्नुको एउटा लक्ष्य भनेको बालबालिकाहरूले बाइबलको एउटा महान् कथालाई देख्नु हो । आज, हामी बालबालिकाहरूलाई सोध्न चाहान्छौं कि उनीहरूले हामीलाई त्यस कथाबाट केहि दोहोरिएका मुख्य विषयहरू भनुन् । उदाहरणको लागि, बालबालिकाहरूलाई तिनीहरूका उत्तरहरू स्वयम् दिन लगाउनुहोस्, तर तपाईं बाइबलको एउटा महान् कथामा दोहोरिने विषयवस्तुहरूको रूपमा निम्न उदाहरणहरू प्रयोग गर्न सक्नुहुन्छ:

परमेश्वरको अद्‌भुत शक्ति:

- सृष्टि
- संसारभरी जलप्रलय
- लाल समुद्र पार गरेको
- प्रतिज्ञाको भूमिमा प्रवेश गरेको

जनावरको प्रतिस्थापन (वैकल्पिक):

- आदम र हव्वालाई वस्त्र
- मोरियाको पर्वतमा अब्राम र इसाहाक
- पापक्षमाको लागि परमेश्वरको प्रावधान
- प्रायश्चितको दिन

परमेश्वरलाई प्रशन्न तुल्याउने विश्वास:

- नोआ
- अब्राहाम
- निस्तार चाड
- रूथ र शमूएल
- राजा दाऊद

परमेश्वरले पापको सजाय दिनुहुन्छ:

- आदम र हव्वा
- कादेश-बर्नेमा गरिएको अविश्वास
- राजा सोलोमन
- विभाजित राज्य

**पाठ शुरू गर्ने क्रियाकलाप: एक महान् कथा**

शिक्षकले कक्षाको लागि केहि विषयहरू दिन सक्छन्, जस्तै: परमेश्वरको अद्‌भुत शक्ति, जनावरको प्रतिस्थापन, परमेश्वरलाई प्रशन्न तुल्याउने विश्वास, र परमेश्वरले पापको सजाय दिनुहुन्छ । अब, बालबालिकाहरूलाई ती हामीले पहिले पढेका कथाहरूबाट बाइबलीय उदाहरणहरू दिन लगाउनुहोस् ।

## ३) पाठ सिकाउनुहोस्

तपाईंले देख्नुभएको ठूला चुनौतीहरू मध्ये सबैभन्दा ठूलो कुन थियो ? के एक व्यक्ति एकदम मन नपर्ने र अर्को चाहिँ एकदम मनपर्ने व्यक्ति थियो ? के एउटा समूहले जीत्नु पर्ने थियो र अर्को समूहले हार्नु पर्ने थियो ?

आजको पाठमा, हामी आजसम्मको सबैभन्दा ठूलो चुनौतीहरूको बारेमा सिक्नेछौं । यो परमेश्वरको एउटा अगमवक्ताबाट आएको हो जसै उनले ४५० चुनौतीहरूको सामना गरेका थिए । के तपाईंलाई थाहा छ यी एकजना अगमवक्ता को हुन् र उनले के गरे ?

यस क्रियाकलापको उद्देश्य भनेको बालबालिकाहरूले बाइबलको एउटा महान् कथामा दोहरिएका विषयवस्तुहरू देख्न सकुन भन्ने हो ।

## कथा भन्नुहोस्

यरोबामले धेरै सम्भाव्यता देखाएका थिए। सोलोमनले पूरा गर्न चाहेको केहि कार्यहरूमा उनले एउटा निर्माण निरीक्षकको रूपमा प्रभावशाली कार्य गरका थिए। उनी यति प्रभावशाली थिए कि परमप्रभुले उनलाई उत्तरी राज्यको अर्को राजाको रूपमा घोषणा गर्नको लागि एक अहियाह नाम गरेका अगमवक्तालाई पठाउनुभयो। हो, उत्तरी राज्य जसमा एउटै पनि यस्तो राजा थिएनन् जसलाई परमप्रभुले असल मान्नु भएको थियो। दक्षिणी राज्यमा आठ "असल" राजाहरू थिए, तर उत्तरमा फरक थियो। उत्तरी राज्यका राजाहरूमा आत्मिक अगुवापनको अभाव थियो।

यद्यपि यसको मतलब यो होइन कि परमेश्वरले उत्तरी राज्यलाई साक्षी बिना छोड्नुभयो। स्पष्ट रूपमा भन्नुपर्दा, परमप्रभुले आफ्नै लागि दुई विशेष साक्षीहरू खडा गर्नुभयो। पहिलो, एलिया थिए र पछि एलीशा उनको ठाउँमा आए। उनीहरू उनीहरूका भव्य आश्चर्यकर्महरूका लागि परिचित थिए।

ती भव्य आश्चर्यकर्महरू मध्ये एक, परमेश्वरका जन एलियाले चुनौतीको रूपमा प्रस्तुत गरेका थिए। उनले राजा आहाब र रानी ईजबेलका अगमवक्ताहरूलाई चुनौती दिए। आहाबसँग ४५० बालका अगमवक्ताहरू थिए र ईजबेलसँग ४०० अशेराका अगमवक्ताहरू थिए। त्यहाँ जम्मा ८५० अगमवक्ताहरू थिए। केहि कारण वश, ईजबेलले आफ्ना ४०० अगमवक्ताहरूलाई यस भिडन्तमा भाग लिन दिइनन्। एलियाले यस भिडन्तको लागि नियमहरू दिए। सबैभन्दा पहिला, अहाबका अगमवक्ताहरू र एलिया प्रत्येकले एउटा एउटा पशुलाई काटेर छुट्टा छुट्टै वेदीहरूमा राख्ने। त्यसपछि आहाबका अगमवक्ताहरू र एलियाले पशुलाई जलाउनलाई तिनीहरूका ईश्वरहरूलाई आगो खसाल्नको लागि पुकार्ने। जुन ईश्वरले आगो खसाएर जवाफ दिन्छन् उही नै परमप्रभु परमेश्वर हुनुपर्छ। बालका अगमवक्ताहरूले पहिले शुरू गरेका थिए। जब केहि घण्टा सम्म पनि केहि नभए पछि, एलियाले आहाबका भविष्यवक्ताहरूलाई गिल्ला गर्न शुरू गरेका थिए। उनीहरूका ईश्वर निदाइ रहेका हुन सक्छन्। उनीहरू व्यस्त छन् होला। उनीहरू कामले गर्दा बाहिर गएका होलान्। केहि पनि भएन। अब एलियाको पालो थियो। एलियाले एउटा अनौठो कुरा गरे, वेदीको वरिपरि एउटा खाडल खने र बलिदान, वेदी र काठमा पानी खन्याए। कुनै शंका विना नै पूर्ण र सत्य ईश्वर को हुन् भनेर एलियाले यहाँ निश्चित गरेका छन्। एलियाले केहि सिमित शब्दहरूमा प्रार्थना गरेका छन्। त्यसपछि, एलियाले प्रार्थना गरेका मात्र के थिए आकाशबाट बिजुली चम्कन थाल्यो जसले बलिदान, वेदी, काठ र पानी समेत जलाईदियो। मानिसहरू यति प्रभावित भए कि तिनीहरूले भने, "हे परमप्रभु, उहाँ नै परमेश्वर हुनुहुन्छ, उहाँ नै परमप्रभु परमेश्वर हुनुहुन्छ।" यो एउटा अद्भुत दृश्य थियो।

त्यसको केहि समय पछि, परमप्रभुले एलियालाई एक जना जवान अगमवक्तालाई सिकाउन र परामर्श गर्न निर्देशन दिनुभयो। उनको नाम एलीशा थियो। एलीशा एलियाले शुरू गरेका असल कामहरू जारी राख्न चाहान्थे त्यसैले उनले एलियाको आत्माको दोब्बर भाग मागे। उनी आफ्नो अगुवा एलिया जस्तो हुन चाहान्थे। एलियाले शुरू गरेको कामलाई जारी राख्न एलीशालाई परमेश्वरले सक्षम तुल्याउनुभयो। एलीशाले ५० वर्ष भन्दा बढि समयसम्म अगमवक्ताको रूपमा त्यस ठाउँमा सेवा गरे जुन देशमा धेरै आत्मिक नेतृत्व थिएन।

**कथा भन्ने क्रियाकलापः दुई प्रकारका अगमवक्ताहरूको तुलना**

कक्षालाई दुई समूहमा विभाजन गर्नु होस्।

१) कक्षामा एउटा चीज ल्याउनुहोस् जुन भरपर्दो छ (एउटा बलियो कुर्सी)।

२) एउटा चीज ल्याउनुहोस् जुन धेरै भरपर्दो छैन (केहि त्यस्तो चीज जो भाँचिएला जस्तो देखिन्छ)।

प्रत्येक सामानको वर्णन गरिसकेपछि, कक्षालाई कुन एउटा चीजमा विश्वास गर्नुहुन्छ भनि भन्न लगाउनुहोस्। किन ?

यस्तै नै मानिसहरूको साथमा भएको थियो जब उनीहरूले परमेश्वरको अगमवक्ता र बालका अगमवक्तामा छनौट गर्दै थिए।

## कण्ठ गर्नुपर्ने पद

**१ राजाहरू १८:३९ (टि.बी.एस)** - अनि जब सबै मानिसहरूले त्यो देखे, तब उनीहले आफ्नो अनुहार भुइँमा टेकाएर यसो भनेः "परमप्रभु, उहाँ नै परमेश्वर हुनुहुन्छ ! परमप्रभु, उहाँ नै परमेश्वर हुनुहुन्छ ! "

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो। स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ।

## बाइबलीय क्रियाकलाप

नाटकीय – मानौं हामी धेरै अघिका दिनहरूमा त्यहाँ थियौं, जब परमप्रभुले एलिया अगमवक्ताद्वारा इस्राएलका मानिसहरूको माझमा आफैलाई प्रमाणित गर्नुभयो। शिक्षक "कथावाचक" हुनपर्नेछ र विद्यार्थीहरूलाई फरक फरक भूमिकाहरू गर्न लगाउनुहोस्। एउटा बालबालिकालाई एलिया हुनको लागि छान्नुहोस्, अरू धेरै जनालाई बालका भविष्यवक्ताहरूको खिल्ली उडाउने बनाउनुहोस्, र बाँकीलाई "परमप्रभु, उहाँ नै परमेश्वर हुनुहुन्छ ! " भन्न लगाउनुहोस्। त्यो भन्दा अघि, एलिया बन्ने व्यक्तिलाई तोकिएको समयमा पढ्नको लागि १ राजाहरू १८:३६-३७ मा भएको एलियाको प्रार्थना प्रिन्ट गरेर निकाल्नुहोस्। खिल्ली गर्नेहरूलाई के भन्ने भनि १ राजाहरू १८:२७ बाट केहि उपायहरू दिनुहोस् – "ठूलो स्वरले कराओ !" "हुन सक्छ उनी सुतिरहेका छन् !" "हुन सक्छ उनी ध्यानमा होलान् !" "हुन सक्छ उनी यात्रामा गएका होलान् !"

कथा फेरी भन्नुहोस्, यस पटक कथालाई "कथावाचक"को रूपमा भन्नुहोस्, र बालबालिकाहरूलाई त्यसमा दिइएको भूमिकामा सहभागी हुन लगाउनुहोस्। जब तपाईं कथालाई पुनः पढ्नु हुन्छ र नाटक गर्नुहुन्छ, बालबालिकाहरूलाई यस आश्चर्यजनक दृश्यमा उपस्थित भए जस्तै अनुभव गर्दै अभिनय गर्नमा मद्दत गर्नुहोस्। परमेश्वरले आफ्नो सामर्थी शक्ति देखाउनुभएको अद्भुत कुरा र उहाँले विश्वासयोग्य अगमवक्ता एलियालाई उहाँको कार्य पूरा गर्नलाई कसरी प्रयोग गर्नुभयो भन्ने कुरामा जोड दिनुहोस्।

**पद कण्ठ गर्ने क्रियाकलापः शब्दचित्र लेखन**

बालबालिकाहरूलाई यो पद याद गर्न मद्दत पुर्‍याउनको लागि शब्दचित्र लेखनको प्रयोग गर्न सकिन्छ। यस पदको प्रत्येक शब्द छुट्टाछुट्टै कागजको पानामा लेख्नुहोस्। त्यसपछि शब्दहरू क्रमबद्ध रूपमा मिलाउनको लागि बालबालिकाहरूलाई २ वा ३ समूहमा विभाजन गर्नुहोस्। जब प्रत्येक समूहले पदका शब्दहरूलाई क्रमबद्ध रूपमा मिलाउँछन् सम्भवतः यो पद उनीहरूले कण्ठ गरिसकेका हुनेछन्।

## ४) पाठको समीक्षा गर्नुहोस्

पाठको समीक्षा गर्नुहोस् र यी मध्ये कुन तपाईंले भेट्टाउनुहुन्छ हेर्नुहोस् ।

- असल कामको लागि धेरै सम्भावना देखिएको कुनै व्यक्तिको नाम दिनुहोस् । (यरोबाम)
- एउटा राज्यको नाम दिनुहोस् जसमा असल राजाहरू थिएनन् । (इस्राएल)
- एउटा राज्यको नाम दिनुहोस् जसमा आठजना असल राजाहरू थिए । (यहुदा)
- परमेश्वरका दुई सफल अगमवक्ताहरूको नाम दिनुहोस् । (एलिया र एलीशा)
- बालका कति अगमवक्ताहरू थिए ? (४५०)
- ईजेबेलका कति जना अगमवक्ताहरू थिए ? (४००)
- एलीशाले कति वर्ष सम्म परमप्रभुको निम्ति काम गरे ? (५० वर्ष)

**पाठको समीक्षा**
**क्रियाकलापः वचनको खोज**

शिक्षकले कक्षालाई २ वा ३ समूहमा विभाजन गर्नुहोस् । तपाईंको पाठमा देब्रे तिर भएको सूचिका ७ मुख्य कुराहरू खोज्न लगाउनुहोस् । साना बालबालिकाहरूलाई र पढ्न नसक्नेहरूलाई शिक्षकले सहायता गर्नुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

एउटा अप्ठ्यारो समयमा दुई जना साधारण मानिसहरूलाई परमेश्वरले विशेष तरिकाले प्रयोग गर्नुभयो । एलिया र एलीशाले सँगै मिलेर परमेश्वरको आदरको लागि कार्य गरेका थिए जुन धेरै अरूले गरेका थिएनन् ।

एउटा साथी खोज्नुहोस् जसले तपाईंलाई परमेश्वरको आदर सम्मान गर्न प्रोत्साहित गर्दछ । उक्त व्यक्ति आमा बुवा मध्ये एक हुन सक्छन्, वा स्कूलमा तपाईंको साथीहरू मध्ये एक हुन सक्छ, वा हजुरबुवा वा हजुरआमा हुन सक्छन् । त्यो व्यक्ति को हो ?

अब, उक्त व्यक्तिलाई ईश्वरीय मित्र हुन भन्नुहोस् र सँगै परमप्रभुको सेवा गरौं भन्नुहोस् ।

**कथाको मूख्य सारः एलिया र एलीशा अन्धकारको समयमा उज्यालो ज्योतिहरू थिए ।**

# रोचक घटना नं ४५

# यशैया ७:१४; ९:१-७; ५३; र मिका ५:२

**शिक्षक साहायता**

**कथाको मूख्य सारः भविष्यवक्ताहरूले येशूको बारेमा उहाँ आउनुभन्दा ७०० वर्ष अघि नै भनि सकेका थिए ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- यद्यपि आहाजले चिन्ह चाहिँदैन थिए, तर पनि परमेश्वरले उनलाई यशैया भविष्यवक्ताद्वारा एउटा चिन्ह दिनुभयो । चिन्ह यो थियो कि एउटा बालक जो कन्याबाट जन्मनेछन् (यशैया७:१४), उनी राष्ट्रिय समस्याको समयमा हुर्कनेछन् (पद १५), र जब उनी सानै बालक हुनेछन् तब दुई राजाहरूको गठबंधन टुट्नेछ (पद १६) ।
- हिब्रू शब्दले एक जवान अविवाहित महिलाको बारेमा बताउँदछ। तर नयाँ नियमको ग्रीक र रब्बीको अनुवादले **LXX** मा एउटा शब्दको प्रयोग गरिएको छ जसको अर्थ निश्चित रूपमा "कन्या" हुन्छ ।
- आउनेवाला मसीहले परमेश्वरका मानिसहरूमाथि शासन गर्नेछन् (*"शासन उनको काँधमा हुनेछ"*) ।
- आउनेवाला मसीहको नामहरू त्यस्ता हुनेछन् जसले उहाँको चरित्र र उहाँ को हुनुहुन्छ भन्ने कुराहरूको वर्णन गर्नेछ । नामहरू जस्तै *"अद्‌भुत"* जसको अर्थ उहाँ अरू भन्दा बेग्लै हुनुहुनेछ; *"सल्लाहकार"* जसको अर्थ उहाँ आधिकारिक हुनुहुनेछ। उहाँ *"शक्तिशाली परमेश्वर"* पनि हुनुहुनेछ जसको अर्थ उहाँ शक्तिशाली हुनुहुनेछ । उहाँ *"शान्तीका राजकुमार"* पनि हुनुहुनेछ जसको अर्थ हो कि उहाँले शान्ती ल्याउनुहुनेछ ।
- यशैयाले आफ्नो पुस्तकमा, हामीलाई यो बताउँछन् कि मसीहले सबै मानिसहरूको पापको लागि दुःख भोग्नुहुनेछ । यशैयाले हामीलाई एउटा थुमाको बारेमा पनि बताउँछन् जसले आफैलाई पापको बलिको रूपमा चढाउनुहुनेछ ।
- भविष्यवक्ता मीकाले मीका ५:३ मा बताउँछन् कि मसीहको जन्मस्थान एफ्राथाको बेथलेहेममा हुनेछ । यो एउटा सानो शहर थियो जुन यरूशलेमबाट टाढा थिएन र त्यहाँ कुनै महत्वपूर्ण व्यक्तिको जन्म हुने सम्भावना पनि थिएन । एफ्राथा एउटा गाउँ थियो जहाँ बेथलेहेम थियो ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

बालबालिकाहरूलाई अघिल्लो कण्ठ गर्नुपर्ने पदहरू भनेर तपाईँलाई मद्दत गर्न लगाउनुहोस् । *"कसले याद गरेको छ यस पदले के भनेको छ ?"* तपाईँले यसरी भन्न सक्नुहुन्छ ।

- रोचक घटना नं. ३१: लेवी १७:११
- रोचक घटना नं.३२: लेवी १६:३०
- रोचक घटना नं.३३: गन्ती १३:३१
- रोचक घटना नं.३४: यूहन्ना ३:१४
- रोचक घटना नं.३५: व्यवस्था ६:५
- रोचक घटना नं.३६: यहोशू १:८
- रोचक घटना नं.३७: न्यायकर्ताहरू २१:२५
- रोचक घटना नं.३८: १ शमूएल ३:१९
- रोचक घटना नं.३९: १ शमूएल १६:७
- रोचक घटना नं.४०: २ शमूएल ७:१६
- रोचक घटना नं.४१: भजनसंग्रह २२:१
- रोचक घटना नं.४२: २ इतिहास ७:१४
- रोचक घटना नं.४३: १ राजाहरू ११:३८
- रोचक घटना नं.४४: १ राजाहरू १८:३९

## ३) पाठ सिकाउनुहोस्

के तपाईँले कहिल्यै कसैलाई भेट्नु भएको छ जसले धेरै कुराहरू जानेको छ ? के तपाईँले कसैलाई भेट्नुभएको छ जसले भविष्यमा हुने धेरै कुराहरू जान्दछ ?के उसँग भविष्यवाणी गर्ने क्षमता थियो ? पुरानो नियममा भविष्यवक्ताहरू र सत्य परमेश्वरका भविष्यवक्ताहरूले भविष्यवाणीहरू गर्दा सतप्रतिशत समय (हरेक पटक) सही नै हुनु पर्दथ्यो ।

अब, तपाईंको साथी सही हुनसक्छ, तर ऊ हरेक समय सही हुन्छ भन्ने कुरामा मलाई शंका लाग्छ । यस पाठमा हामी सिक्नेछौं कि आउनेवाला मसीहको बारेमा धेरै भविष्यवक्ताहरूले भनेका थिए र ती सबै सही थिए ।

**पाठ शुरू गर्ने क्रियाकलापः कण्ठ गर्नुपर्ने पद समीक्षा**

अघिल्लो १४ वटा कण्ठ पार्ने पदहरू यहाँ दिइएका छन् । बालबालिकाहरूको दुईवटा समूह बनाउनुहोस् र कुन समूहले सबैभन्दा धेरै कण्ठ पार्ने पदहरू भन्न सक्छन् हेर्नुहोस् । १४ वटा भन्दा बढि भन्नेलाई बोनस अंक दिनुहोस् ।

प्रत्येक समूहलाई पाँच मिनेटको समय दिनुहोस् र उनीहरूले मिलेर यसमा कार्य गर्नुपर्ने हुन्छ ।

शिक्षकले केहि थोरै सहायता गर्न सक्नुहुन्छ ।

## कथा भन्नुहोस्

परमेश्वरका भविष्यवक्ताहरूलाई उनीहरूको जीवनकालमा मानिसहरूलाई चेतावनी दिनको लागि विशेष क्षमता दिइएको हुन्थ्यो । तिनीहरू एलिया र एलीशा जस्ता भविष्यवक्ताहरू थिए जसको बारेमा हामीले भर्खरै अध्ययन गरेका थियौं । केहि भविष्यवक्ताहरूले भविष्यको बारेमा बताउँने गर्दथे । यस प्रकारका भविष्यवक्ताहरू मध्ये सबैभन्दा शुरूका यशैया र मीका थिए । जम्मा, त्यहाँ १६ जना भविष्यवक्ताहरू थिए जसले भविष्यको बारेमा लेखेका थिए । यशैया र मीका येशू खीष्ट जन्मनु भन्दा ७०० वर्ष भन्दा अगाडि बाँचेका थिए, तर पनि उनीहरू दुवैले उहाँको बारेमा बताएका थिए । उनीहरू परमेश्वरको लागि उहाँको वचन लेख्ने प्रारम्भिक भविष्यवक्ताहरू थिए ।

खीष्टको जन्म हुनु भन्दा सात सय वर्ष अघि यशैयाले येशू खीष्टको जन्म हुने विशेष तरिकाको बारेमा लेखे । उनले भने कि दाऊदका घरानाका एक जनाले छोरा जन्माउने छिन् । दाऊदको त्यस सन्तान एउटा युवती थिइन् जो कहिल्यै पुरूषसँग सहवास गरेकि थिइनन् । यो एकदम अनौठो थियो किनकि एउटा महिलाले सन्तान जन्माउनको लागि पुरूषसँग सहवास गर्नुपर्ने हुन्छ । तर यशैयाले यो अनौठो जन्मको बारेमा यो हुनु भन्दा धेरै पहिला नै भनिसकेका थिए । यशैयाले भविष्यवाणी गरेका थिए कि मसीहले यरूशलेमको उत्तरमा पर्ने गालीलमा लामो समय देखि बसोवास गर्दै आएका मानिसहरूमा ठूलो ज्योति ल्याउनेछन् । गालीलका मानिसहरू निराश थिए किनभने विदेशी राष्ट्र अश्शूरले त्यो ठाउँ कब्जा गरिसकेको थियो । यशैयाले भविष्यवाणी गरे कि मसीहलाई थिचोमिचो गरिनेछ र कष्ट दिइनेछ । उनलाई कुल्चनेछन् । उनी मानिसहरूको पापको लागि घाइते हुनेछन् र हामी सबैको पाप उहाँले बोक्नुहुनेछ । यद्यपि यसको बावजुद पनि परमप्रभु परमेश्वरले उनलाई समृद्ध तुल्याउनुहुनेछ ।

यशैयाले मसीहको भविष्यको बारेमा पनि बताएका थिए । शासन उहाँको काँधमा हुनेछ र त्यहाँ शान्ति रहनेछ जुन कहिल्यै अन्त हुँदैन । उहाँको अनन्त सिंहासन स्थापित हुनेछ ।

यसरी, यशैया अगमवक्ताले आउँदै गरेको मसीहको जन्म, जीवन, मृत्यु, र भविष्यको बारेमा लेखेका थिए ।

मीकाले पनि उनै मसीहको बारेमा सोही समयमा लेखेका थिए । मीकाले मसीहको जन्म हुने ठाउँको बारेमा लेखे । यो बेथलेहेम भनिने यरूशलेम बाहिरको एकदमै सानो गाउँ थियो ।

यी भविष्यवक्ताहरू मध्ये कसैले पनि एक अर्काको विरोध गरेनन् । उनीहरूले आउँदै गरेको मसीहको बारेमा बताए जस्तो उनीहरूलाई परमेश्वरले बताउनुभयो । र मसीहको बारेमा उनीहरूले भनेका सबै कुरा अन्ततः सत्य साबित हुनुपर्ने थियो ।

**कथा भन्ने क्रियाकलापः कथा कुर्सीहरू**

एउटा बालबालिका बाहेक सबै बालबालिकाहरूलाई कथामा भएको एउटा शब्द दिनुहोस् जुन प्रायजसो प्रयोग गरिन्छ । गोलो घेरामा बस्न लगाएर प्रत्येक बालबालिकालाई कथामा भएको एउटा शब्द दिनुहोस् । तपाईंले कथा भन्नुहोस् र भन्दै गर्दा आफुले पाएको शब्द सुन्ने बित्तिकै उक्त व्यक्तिले उठेर आफ्नो लागि नयाँ कुर्सीमा ठाउँ खोज्नुपर्नेछ । यो क्रियाकलाप “म्यूजिकल चेयर” जस्तै हो केवल शिक्षकले सङ्गतिको सट्टामा कथा भन्नु पर्ने हुन्छ ।

यी शब्दहरू बालबालिकाहरूलाई दिनको निम्ति प्रयोग गर्न सकिन्छः

- मसीह
- ७०० वर्ष
- भविष्यवक्ता
- भविष्यवाणी
- मीका
- यशैया

## कण्ठ गर्नुपर्ने पद

**यशैया ५३:६ (टि.बी.एस)** - हामी सबैले भेडाहरूले झैँ बाटो बिराएका छौं; हामी हरेक आ-आफ्नो बाटोतिर लागेका छौं; तर परमप्रभुले हामी सबैको अधर्म उसैमाथि राखिदिनुभएको छ ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

"भविष्यवाणी मिलान" कार्ड वा कागजका पानाहरूमा तपाईंको कक्षामा दिनको लागि प्रिन्ट गर्नुहोस् । प्रत्येक पुरानो नियमका पदहरू (भविष्यवाणी)सँग नयाँ नियमका पदहरू सम्बन्धित छन् (भविष्यवाणीको पूर्णता) ।

| पुरानो नियमका भविष्यवाणी | नयाँ नियममा पूरा भएको |
|---|---|
| उत्पत्ति १२:३ | मत्ती १:१ |
| यशैया ७:१४ | मत्ती १:१८-२३ |
| गन्ती २४:१७ | मत्ती १:२ |
| मीका ५:२ | लुका २:१३-१५ |
| होशे ११:१ | मत्ती २:१३-१५ |
| उत्पत्ति ४९:१० | लुका ३:३३ |
| मलाकी ३:१ | लुका २:२५-२७ |
| यर्मिया २३:५ | मत्ति १:६ |
| यर्मिया ३१:१५ | मत्ती २:१६ |
| यशैया ५३:१०-११ | लुका २३:३३ |

### पद कण्ठ गर्ने क्रियाकलाप

पदलाई केहि समय समीक्षा गर्नुहोस् र बालबालिकाहरूलाई दुई वा दुईभन्दा बढी समूहमा विभाजन गर्नुहोस् । ती समूहहरूलाई लाइनमा बसाएर बीचमा कुर्सी राखेर लेख्नको लागि सेतो बोर्ड वा कागजको पाना राख्नुहोस् । प्रत्येक समूहको अगाडि लेख्नको लागि केहि राखिदिनुहोस्।प्रत्येकसमूहको पहिलो बालबालिकालाई दौडेर गई पहिलो शब्द लेखेर आफ्नो लाइनमा फर्कन लगाउनुहोस् । समूहको अर्को बालबालिकाले अर्को शब्द लेख्नेछ र पद पूरा नभए सम्म यो जारी रहन्छ । फेरी खेल्नु अघि सबैलाई समाप्त गर्ने अनुमति दिनुहोस् ।

### बाइबलीय क्रियाकलाप

ठूला बालबालिकाहरूको लागि, तपाईंले केवल पद मात्र उल्लेख गरिएको कागज प्रिन्ट गर्नुहोस् र उनीहरूले नै बाइबलमा उक्त पदलाई हेर्न सक्छन् । पुरानो नियमका सबै पदहरू पढिसकेपछि नयाँ नियमका पदहरू पाउनेले आफुले पाएको पद कुन पदसँग मिल्छ भनि उनीहरूको छेउमा गएर खडा हुनुपर्छ । कुन पद धेरै मिल्दोजुल्दो छ भनि पत्ता लगाउन उनीहरूले मिलेर काम गर्नुपर्ने हुन्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

बालबालिकाहरूलाई आफ्नै १० शब्दहरू वा त्यो भन्दा कम शब्दहरू प्रयोग गरेर पाठलाई सरल बनाउन लगाउनुहोस् । उनीहरूको उत्तर के हुनेछ ? जब बालबालिकाहरूले दश वा त्यो भन्दा कम शब्दहरूमा पाठलाई सरल बनाउने छन्, सम्भवतः उनीहरूले यस्तै नै केहि कुराहरू भन्न सक्छन्:

- दुई भविष्यवक्ताहरूले मसीहको बारेमा भनेका छन् ।
- सात सय वर्ष अघि नै यशैयाले मसीह आउनेछन् भनि लेखेका थिए ।
- सात सय वर्ष अघि नै मीकाले पनि मसीह आउनेछन् भनि लेखेका थिए ।
- भविष्यवक्ताहरूले मसीहको जन्म कहाँ हुनेछ भनि बताएका थिए ।
- भविष्यवक्ताहरूले मसीहले दुःख भोग्नेछन् भनेर पनि भनेका थिए ।
- भविष्यवक्ताहरूले मसीहको राज्य अनन्तको हुनेछ भनि बताएका थिए ।

**पाठको समीक्षा गर्ने क्रियाकलापः सरल बनाउने**

सरल बनाउने क्रियाकलाप बालबालिकाहरूको लागि उपयोगी खेल हुन सक्छ । बालबालिकाहरूलाई दुई वा तीन जनाको समूह बनाई १-२ मिनेटको समय दिएर यस पाठमा भएका १० वटा महत्वपूर्ण शब्दहरू पत्ता लगाएर लेख्न लगाउनुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

प्रतिज्ञा खोजी गर्नेहरू । निम्न पदहरूबाट, भविष्यवक्ताहरूले लेखेका प्रतिज्ञाहरू पत्ता लगाउनुहोस् जुन सत्य हुन आयो भन्ने तपाईँलाई लाग्छ ।

- यशैया ७:१४
- यशैया ९:६,७
- यशैया ५३:५-६
- मिका ५:२

**पाठ लागू गर्ने क्रियाकलापः प्रतिज्ञा खोजी गर्नेहरू**

"प्रतिज्ञा खोजी गर्नेहरू" को उद्देश्य भनेको आउनेवाला मसीहको बारेमा परमेश्वरले भविष्यवक्ताहरूलाई दिनुभएका प्रतिज्ञाहरूको पहिचान गर्नु हो । यसमा कक्षा सबैले मिलेर कार्य गर्न सक्छन् वा ३-४ जनाको समूहमा भएर पनि गर्न सक्छन् ।

**कथाको मूख्य सारः भविष्यवक्ताहरूले येशूको बारेमा उहाँ आउनुभन्दा ७०० वर्ष अघि नै भनि सकेका थिए ।**